# काँक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

www.kankrebihar.com

राष्ट्रिय दैनिक








राष्ट्रिय संस्करण | वर्ष : २५ | अंक : २०५ | शुक्रवार, २५ वैशाख, २०८३ | Friday, 8 May 2026 | नेपाल संवत ११४६ | पृष्ठ : ४ | मूल्य : रू. १०


### बहुविपद् जोखिमको मारमा वीरेन्द्रनगर:

# पूर्वतयारीदेखि प्रतिकार्यसम्म सुपर-२ को साथ

काँक्रेविहार संवाददाता

सुर्खेत, २४ वैशाख

कर्णाली प्रदेशको राजधानी वीरेन्द्रनगर नगरपालिका पछिल्ला वर्षहरूमा तीव्र सहरी विस्तारसँगै बहुविपद्को जोखिममा छ। नगरपालिकाले तयार पारेको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०८२ अनुसार यहाँ बाढी, डुबान, पहिरो, आगलागी, चट्याङ, खडेरी, महामारी र भूकम्पजस्ता बहुआयामिक जोखिमहरू विद्यमान छन्। विशेषगरी वर्षायाममा इत्राम, खोर्के खोला, भेरी आसपासका क्षेत्रमा बारम्बार डुबानको समस्या दोहोरिने गरेको छ, जसले कमजोर शहरी निकास प्रणालीलाई उजागर गर्छ। अव्यवस्थित बसोबास र कमजोर जलनिकासका कारण सामान्य वर्षाले पनि वार्षिक रूपमा डुबान निम्त्याउने गरेको छ।

नगरका धेरै वडाहरू बाढी तथा डुबानको उच्च जोखिममा छन् भने केही क्षेत्रमा पहिरो र भूक्षयको जोखिम पनि देखिएको छ। त्यस्तै, सुक्खा मौसममा आगलागीका घटनाहरू पनि बारम्बार हुने गरेको तथ्यांकले देखाउँछ, , जसले विपद् जोखिम बहुआयामिक भएको संकेत गर्छ । तीव्र शहरीकरणको कारण खुला स्थान घट्दै जानु, नदी-नाला अतिक्रमण हुनु र पूर्वाधार विकासमा समन्वय अभावले जोखिम थप जटिल बन्दै गएको छ। विपद् व्यवस्थापनमा प्रारम्भिक सूचना प्रणाली, उद्धार तयारी र समुदायस्तरको सचेतनामा अझै कमजोरी रहेको विपद पूर्वतयारी तथा प्रतिकार्य योजनाले औंल्याएको छ। साथै, यी तयारीहरूमा महिला, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक तथा अन्य सीमान्तकृत समूहहरूको समान पहुँच र सहभागिता अझ सुदृढ गर्न आवश्यक देखिएको छ।

यही चुनौतीबीच युरोपेली संघ मानवीय सहायता (इको) को सहयोगमा युएनडीपीको नेतृत्वमा युएनडीपी, युनीसेफ, युएन वुमन र ह्यान्डीक्याप इन्टरनेशनल रहेको कन्सोर्टियमद्वारा सञ्चालन भइरहेको शहरी विपद् तथा भूकम्पिय पूर्वतयारी परियोजना (सुपर-२) ले वीरेन्द्रनगर नगरपालिकासँग सहकार्य गर्दै विपद् व्यवस्थापन प्रणालीलाई सुदृढ बनाउन काम गरिरहेको छ। परियोजनाले नीति निर्माणदेखि तालिम, कृत्रिम अभ्यास, उपकरण व्यवस्थापन र समुदायस्तरको क्षमता विकाससम्मका कामहरू एकीकृत रूपमा अघि बढाइरहेको युएनडीपीका कर्णाली प्रदेश परियोजना संयोजक कृष्ण चापागाईंले जानकारी दिए।





वीरेन्द्रनगर-९ मा रहेका निकास खोला। जुन नगरभित्र बग्ने साना तथा ठुला खोलाहरुको एकमात्र निकास हुने स्थान हो। उक्त खोलामा वर्षाको समयमा पानीको वहाव र सतह मापन गर्नका लागि जडान गरिएको स्वचालित उपकरण जडान गरिएको छ।





विद्यायलयस्तरमा कृत्रिम घटना अभ्यासबारे तालिम दिइँदै।



सुपर-२ परियोजनाअन्तर्गत वीरेन्द्रनगरको सिद्ध बहिरा बालकको माध्यमिक विद्यालयमा विपद् प्रतिकार्यका लागि आवश्यक सामग्री वितरण गरिँदै।







सुपर-२ परियोजनाअन्तर्गत विद्यालयमा विद्यार्थी तथा शिक्षकलाई र समुदायस्तरमा स्थानीय नागरिकलाई विपद् कृत्रिम घटना अभ्यास गराइँदै।

सुपर-२ परियोजनाअन्तर्गत नगरपालिकाका १० वटा विद्यालयमा विपद् प्रतिकार्यका लागि आवश्यक सामग्री वितरण गरिएको छ, जसले विद्यालयलाई आपतकालीन अवस्थामा छिटो प्रतिक्रिया दिन सक्षम बनाउने लक्ष्य राखेको छ । प्रदेश संयोजक चापागाईंका अनुसार स्ट्रेचर, २१ प्रकारका सामग्रीसहितको प्राथमिक उपचार बाकस, ६ केजीका आगो निभाउने यन्त्र, धातुका बाल्टी, नायलन डोरी, बेल्चा र गैंतीजस्ता अत्यावश्यक सामग्री विद्यालयलाई उपलब्ध गराइएको छ।

उनले यी सामग्रीहरू नगरपालिकालाई हस्तान्तरण गरिएको जानकारी दिए, जसले विपद्का बेला समन्वय र स्रोत परिचालनलाई थप प्रभावकारी बनाउने अपेक्षा गरिएको छ। सुपर २ परियोजनाले नगरपालिकामाभित्र रहेका विभिन्न विद्यालयहरू आनन्द मावि कृष्णगञ्ज, प्रभात मावि कोलडाँडा, नेरा मावि चिसापानी, सिद्ध बहिरा बालकको खजुरा, गंगामाला निमावि पिपिरा, चन्द्रगंगा मावि गाग्रेताल, शिव मावि धुलियाविट, हस्तवीर मावि चनौटे, नेपाल राष्ट्रिय सामावि करेखोला र सिद्ध मावि गोठिकाँडामा विपद् प्रतिकार्यसम्बन्धि उपकरण वितरणसँगै अभिमुखीकरण कार्यक्रम सञ्चालन गरेको छ। युएनडीपीका कर्णाली प्रदेश परियोजनासंयोजक चापागाइँका अनुसार विद्यालय तथा समुदायस्तरमा विपद कृत्रिम घटना अभ्यासमार्फत विपद् आइपरेमा कसरी सुरक्षित रूपमा प्रतिक्रिया दिने, उद्धार गर्ने र व्यवस्थापन गर्ने भन्नेबारे व्यवहारिक तालिमसमेत प्रदान गरिएको छ।

सुपर-२ परियोजनाले वीरेन्द्रनगरमा कार्यक्रम सञ्चालनमा मात्र नभई नीति, योजना र संस्थागत संरचना निर्माण र संस्थागत संरचना सुदृढीकरणमा समेत महत्वपूर्ण योगदान दिँदै आएको छ। परियोजनाको प्राविधिक सहयोगमा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना (डीपीआरपी) अद्यावधिक गरिएको छ भने सेवा निरन्तरता योजना (बीसिपी) निर्माण प्रक्रिया पनि अघि बढिरहेको छ। साथै अन्तर-स्थानीय तहबीच स्रोत साझेदारी र सिकाइ आदानप्रदानका कार्यक्रम सञ्चालन गरिएका छन्, जसले विपद् व्यवस्थापनमा समन्वय, सहकार्य र सामूहिक उत्तरदायित्वलाई थप सुदृढ बनाएको छ।

वीरेन्द्रनगर नगरपालिकाका प्रमुख मोहनमाया ढकालका अनुसार यी कामहरूले नगरपालिकाको कार्यक्षमता उल्लेखनीय रूपमा सुधार गर्न मद्दत पुगेको छ। 'पहिले विपद् व्यवस्थापनका लागि हाम्रो कार्ययोजना स्पष्ट थिएन र संरचना पनि कमजोर थियो,' उनले भनिन्, 'सुपर-२ परियोजनाले डीपीआरपी अद्यावधिक गरेर जोखिम पहिचान, प्राथमिकता निर्धारण र जिम्मेवारी बाँडफाँट स्पष्ट बनाएको छ, जसले निर्णय प्रक्रिया र कार्यान्वयनलाई धेरै सहज भएको छ।' 'यस प्रक्रियामा महिला, अपाङ्गता भएका व्यक्ति तथा सीमान्तकृत बाँकी पृष्ठ ४

### कर्णालीलाई प्राङ्गारिक प्रदेश बनाउने अभियान :

# भेरीगंगाको छिन्चुमा बृहत प्राङ्गारिककृषि तथा पोषण मेला हुँदै

काँक्रेविहार संवाददाता

वीरेन्द्रनगर, २४ वैशाख

कर्णाली प्रदेशलाई प्राङ्गारिक प्रदेश बनाउने लक्ष्यलाई मूर्तरूप दिन भेरीगंगा नगरपालिका मा 'बृहत प्राङ्गारिक कृषि तथा पोषण मेला २०८३' आयोजना हुने भएको छ।

"भेरीगंगाको सानः प्राङ्गारिक कृषि र उद्यमी किसान" भन्ने मूल नारासहित आगामी २०८३ जेठ १० गते एकदिने मेला आयोजना गर्न लागिएको मेला व्यवस्थापन समितिले जनाएको छ। स्थानीय स्तरमा उत्पादित स्वच्छ तथा पोषणयुक्त खाद्यवस्तुको प्रवर्द्धन गर्दै किसानलाई बजारसँग प्रत्यक्ष जोड्ने उद्देश्यसहित मेला आयोजना गर्न लागिएको हो।

मेला संयोजक सुरज बि.सी. का अनुसार प्रदेश सरकारको 'प्राङ्गारिक प्रदेश' अवधारणालाई व्यवहारमा उतार्न तथा स्थानीय उत्पादनको बजारीकरणमा टेवा पुर्‍याउन मेलाले महत्वपूर्ण भूमिका खेल्ने विश्वास गरिएको छ। मेलामा नगरपालिकाका सबै वडाबाट उत्पादित प्राङ्गारिक तरकारी, फलफूल तथा अन्नबालीको प्रदर्शनी गरिनेछ। साथै लोपोन्मुख रैथाने बाली जस्तै लट्टे, कागुनो, कोदो र फापरका बिउबिजन तथा तिनबाट बन्ने परिकारको विशेष प्रदर्शनीसमेत राखिने आयोजकले जनाएको छ।




त्यसैगरी थोपा सिँचाइ, टनेल खेती, सुधारिएको गोठ तथा आधुनिक कृषि औजारसम्बन्धी प्रविधि प्रदर्शनी पनि मेलाको आकर्षण रहनेछ। व्यावसायिक मौरीपालन र च्याउ खेतीका विभिन्न प्रजातिको विशेष स्टलसमेत राखिने भएको छ।

मेलामा उत्कृष्ट कृषि स्टल छनोट, रैथाने बालीबाट तयार पारिने पोषणयुक्त परिकार प्रतियोगिता तथा कृषि र पोषणसम्बन्धी हाजिरीजवाफ कार्यक्रम सञ्चालन गरिनेछ। युवा कृषकहरूबीच ज्ञान आदानप्रदान र प्रतिस्पर्धामार्फत कृषिप्रति आकर्षण बढाउने उद्देश्य राखिएको आयोजकको भनाइ छ।

कृषक र कृषि विज्ञबीच प्रत्यक्ष संवाद कार्यक्रमसमेत राखिएको छ, जहाँ किसानहरूले रोग, किरा तथा आधुनिक प्रविधिसम्बन्धी समस्यामा परामर्श लिन सक्नेछन्। किसान र व्यापारीबीच भेटघाट तथा सहकार्य विस्तारका कार्यक्रममार्फत स्थानीय उत्पादनको बजार सुनिश्चित गर्ने प्रयास पनि गरिने आयोजकले जनाएको छ।

मेलामा स्थानीय गीत, दोहोरी तथा नाटकसहित सांस्कृतिक कार्यक्रम प्रस्तुत गरिनेछ भने विषादीको असर र कृषिमा युवाको सहभागिताबारे जनचेतनामूलक प्रस्तुति पनि रहनेछ। बालबालिका तथा गर्भवती महिलालाई लक्षित पोषण शिक्षा सामग्रीसमेत प्रदर्शन गरिने भएको छ।

आयोजकले भेरीगंगाको माटोको सुगन्ध र किसानको पसिनाको सम्मान गर्दै आयोजना हुने मेलामा सहभागी भई स्थानीय उत्पादनको प्रवर्द्धन गर्न सर्वसाधारणलाई आग्रह गरेको छ। सञ्चारमाध्यमलाई समेत अभियानलाई व्यापक बनाउन सहयोग गर्न अनुरोध गरिएको छ।

# पुल अलपत्र पार्ने निर्माण कम्पनीलाई १८ करोड जरिबाना

काँक्रेविहार संवाददाता

बाजुरा, २४ वैशाख

सडक डिभिजन साँफेबगर अछामले बाजुराको गुइगाड खोलामा १५ वर्षसम्म पुल पूर्ण रूपमा सम्पन्न नगरी अलपत्र छोड्ने निर्माण कम्पनीलाई १७ करोड ९९ लाख ३२ हजार ४४ रुपैयाँ जरिबाना गरेको छ। जरिबाना रकम असुल उपर गर्न प्रक्रिया अगाडि बढाइसकिएको डिभिजनले जनाएको छ।




पटकपटक काम सम्पन्न गर्न पत्राचार गर्दा पनि बेवास्ता गरेपछि निर्माण कम्पनी राजेन्द्र-थेगिम जेभीलाई जरिबानाका लागि सार्वजनिक सूचना जारी गरिएको सडक डिभिजन कार्यालयका सूचना अधिकारी तथा इन्जिनियर सुभाष शाहले जानकारी दिए।

२०८२मंसिर १५ गते नै ठेक्का रद्द गरेको सडक डिभिजन अहिले रकम असुल उपरको अन्तिम प्रक्रियामा पुगेको हो। २०८२ चैत ९ गते नै रकम दाखिलाका लागि ३५ दिने सूचना जारी गरेको सडक डिभिजन समयमा जरिबाना नतिरेपछि अन्तिम प्रक्रियामा पुगेको हो।

'आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा ४७ (३) तथा आर्थिक कार्यविधि तथा वित्तिय नियमावली, २०७७ को नियम ९० (५) बमोजिम सरकारी बाँकी सरह असुल उपरका लागि लगत कायम गर्न कुमारीचोक तथा केन्द्रीय तहसिल कार्यालयमा पठाउने बेहोरा जानकारी गराइन्छ,' सूचनामा भनिएको छ।

सबै प्रक्रिया अन्तिम चरणमा पुगिसक्दा पनि कम्पनीले रकम दाखिला नगरेकोले अब लगत कायम गर्न कुमारीचोक तथा केन्द्रीय तहसिल कार्यलयमा पठाउने तयारीमा रहेको सूचना अधिकारी शाहले बताए।

बाजुरा सदरमुकाम मार्तडी जोड्ने मुख्य राजमार्ग साँफे-मार्तडी सडक खण्डमा पर्ने गुइगाड खोलामा पुल निर्माण सम्पन्न नहुँदा जोखिम मोलेर यातायात सञ्चालन भइरहेको छ। उक्त पुल जोखिममा रहेको भन्दै सडक डिभिजन कार्यालय अछामले एक पटकमा एउटा मात्र गाडी चलाउन बोर्ड नै राखेको छ।

कार्यालयले पुल जोखिम रहेको भन्दै बेलिब्रिज बनाउनका लागि सडक डिभिजन केन्द्रीय कार्यलयमा बाँकी पृष्ठ ४

सम्पादकीय

# विपद् प्रतिकार्यमा ध्यान देऊ

वीरेन्द्रनगर नगरपालिका प्राकृतिक विपद्को उच्च जोखिममा रहे पनि त्यससँग जुध्न सक्रिय रूपमा अगाडि बढिरहेको देखिन्छ । बाढी, डुबान र खोलाको कटानका कारण पटक–पटक जनधनको क्षति व्यहोर्दै आएको यो सहरले पछिल्ला वर्षहरूमा विपद् जोखिम न्यूनीकरणलाई योजनाबद्ध रूपमा अघि सारेको छ । तटबन्ध निर्माण, पूर्वसूचना प्रणाली, आपत्कालीन कार्यसञ्चालन केन्द्र स्थापना तथा उद्धार सामग्री तयारीजस्ता प्रयासले नगरपालिकाको सक्रियता स्पष्ट पारेका छन् । २०७१ सालको विनाशकारी बाढी वीरेन्द्रनगरका लागि कहिल्यै नबिर्सने पीडा बनेर रह्यो । विशेष गरी खोर्के खोलाको कटानले सरस्वती टोलका धेरै परिवार विस्थापित भए । कतिपयले ज्यान जोगाए पनि घरबार गुमाउनुपर्‍यो । पुनःस्थापनाको दीर्घकालीन विकल्प नहुँदा धेरै स्थानीय आज पनि जोखिमकै बीचमा बस्न बाध्य छन् । यसले विपद् व्यवस्थापनमा तत्काल उद्धार मात्र होइन, सुरक्षित पुनःस्थापनाको आवश्यकता पनि उत्तिकै महत्त्वपूर्ण रहेको देखाउँछ । नगरपालिकाले खोलाको किनार खाली राख्ने, तटबन्ध निर्माण गर्ने तथा जोखिमयुक्त क्षेत्र पहिचान गरी पूर्वतयारी बढाउने काम थालेपछि केही राहत महसुस हुन थालेको छ । इत्राम खोलामा निर्माण गरिएको तटबन्धले दुई सयभन्दा बढी घरधुरीलाई प्रत्यक्ष सुरक्षा दिएको तथ्य सकारात्मक छ ।

वीरेन्द्रनगरको तल्लो पर्सेनी क्षेत्रमा जडान गरिएको साइरन प्रणालीले बाढीको पूर्वसूचना दिने व्यवस्था गरेको छ । विपद् आउनुअघि सूचना प्रवाह हुन सक्नु नै जनधनको क्षति कम गर्ने सबैभन्दा प्रभावकारी उपायमध्ये एक हो । तर चुनौती अझै टरेको छैन । प्रदेश राजधानी बनेसँगै वीरेन्द्रनगरमा जनसंख्या चाप तीव्र रूपमा बढिरहेको छ । बसाइँसराइका कारण खोला किनार तथा जोखिमयुक्त क्षेत्रमा अव्यवस्थित बस्ती विस्तार हुने क्रम जारी छ । खोला अतिक्रमण र साँघुरो निकासले वर्षेनी डुबानको समस्या दोहोरिने गरेको नगरपालिकाकै निष्कर्ष छ । यदि यस्ता अतिक्रमणलाई समयमै नियन्त्रण गर्न सकिएन भने तटबन्ध र अन्य संरचनाले मात्र दीर्घकालीन समाधान दिन सक्ने छैनन् । २०७१ सालको बाढीमा सुर्खेतमा २४ जनाको मृत्यु भएको थियो, भने ९१ जना बेपत्ता भएकालाई सरकारले मृत घोषणा गरेको थियो । उक्त विपद्बाट एक हजार ४५ परिवार विस्थापित भएका थिए । राष्ट्रिय जनगणना २०७८ अनुसार नगरपालिकामा ३८ हजार भन्दा बढी घरधुरी रहेका छन् । वीरेन्द्रनगरका नेवारे खोला, खोर्के खोला, इत्राम खोला र आँपखोली क्षेत्रमा बाढी तथा डुबानको जोखिम छ । नगरपालिकाले विपद् प्रतिकार्यका लागि रबरबोट, दमकल, डोजर, लाइफ ज्याकेट, रबर ट्युब, एम्बुलेन्स तथा तालिमप्राप्त खोज तथा उद्धारकर्ता, अग्नि नियन्त्रक र स्वयंसेवक टोली तयारी अवस्थामा राखेको छ ।

सहरी योजना तथा भवन निर्माण मापदण्ड–२०८१ अनुसार खोलानाला आसपास कम्तीमा छ मिटर क्षेत्र खाली राख्नुपर्ने व्यवस्था गरिएको छ । अब यसको कडाइका साथ कार्यान्वयन आवश्यक छ । विकासका नाममा प्रकृतिको अतिक्रमण गर्दा त्यसको मूल्य अन्ततः नागरिकले नै चुकाउनुपर्छ भन्ने विगतका विपद्ले सिकाइसकेको छ । नगरपालिकाले विपद् व्यवस्थापनलाई केवल संरचनागत तयारीमा सीमित राखेको छैन । महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिको सुरक्षालाई प्राथमिकता दिनु सामाजिक रूपमा जिम्मेवार कदम हो । खोज तथा उद्धार टोली, स्वयंसेवक परिचालन, आपत्कालीन सामग्री तयारी तथा विपद् कोष स्थापना जस्ता उपायले संस्थागत क्षमता बलियो बनाउने संकेत गरेका छन् । दीर्घकालीन दृष्टिकोण, कडा कार्यान्वयन र जनसहभागिता । सुरक्षित पुनःस्थापना, वैज्ञानिक शहरी योजना, खोलाको संरक्षण र प्रभावकारी पूर्वसूचना प्रणालीलाई थप मजबुत बनाउन सकिएमा वीरेन्द्रनगरलाई विपद् सहनशील सहरका रूपमा विकास गर्न सकिन्छ । विपद् रोक्न सकिँदैन, तर तयारी र व्यवस्थापनमार्फत त्यसको क्षति अवश्य कम गर्न सकिन्छ । वीरेन्द्रनगरले थालेका प्रयासलाई निरन्तरता र प्रभावकारिता दिनु अहिलेको प्रमुख आवश्यकता हो ।

# मिडियामा राज्यको संकुचित दृष्टि !



✍ विमल लामिछाने

नेपाली प्रेस यतिबेला राज्यको संकुचित दृष्टिका कारण गम्भीर संकटमा परेको छ । सरकारले सरकारी सञ्चारमाध्यमलाई मात्र एकलौटी रूपमा सूचना र विज्ञापन उपलब्ध गराउने जुन नीति अख्तियार गरेको छ, त्यसले प्रेस स्वतन्त्रताको घाँटी मात्र निमोठेको छैन, बरु लोकतन्त्रको सुन्दर पक्ष मानिने संघीयताको अभ्यास र सूचनाको विकेन्द्रीकरणमाथि नै प्रहार गरेको छ ।

सरकारले विज्ञापन र ठेक्कापट्टाका सूचनामा हुने भनिएको 'कमिसनको खेल'लाई रोक्ने बहानामा जुन निर्णय लिएको छ, त्यो तर्कसंगत देखिँदैन । यदि विज्ञापन वितरणमा वित्तीय अनियमितता वा कमिसनको जालो व्याप्त छ भने त्यसलाई पारदर्शी बनाउने र दोषीलाई कारबाही गर्ने दायित्व राज्यको हो ।

दुर्गमको आवाजलाई केन्द्रसम्म पुर्‍याउने र नागरिकलाई आफ्नै माटोको भाषामा सुसूचित गर्ने यस्ता माध्यमहरूको आर्थिक मेरुदण्ड भनेकै लोककल्याणकारी विज्ञापन र सूचनाहरू हुन् ।

तर, विकृति सुधार्नुको सट्टा स्थानीय सञ्चार माध्यमलाई लोककल्याणकारी विज्ञापनबाटै वञ्चित गराउनु भनेको 'रोगको उपचार गर्नुको सट्टा बिरामीलाई नै सिध्याउनु' जस्तै आत्मघाती कदम हो । कमिसनको बहाना बनाएर सूचनामा राज्यको एकाधिकार कायम गर्न खोज्नुले सरकारको नियतमाथि नै गम्भीर प्रश्न खडा गरेको छ । दुर्गमको आवाजलाई केन्द्रसम्म पुर्‍याउने र नागरिकलाई आफ्नै माटोको भाषामा सुसूचित गर्ने यस्ता माध्यमहरूको आर्थिक मेरुदण्ड भनेकै लोककल्याणकारी विज्ञापन र सूचनाहरू हुन् ।

एउटा लोकतान्त्रिक सरकारका लागि स्वतन्त्र प्रेस ऐना जस्तै हुनुपर्छ, जसले समाजका विकृति र सरकारका कमजोरीलाई निडरतापूर्वक उजागर गरोस् । सरकारी विज्ञापनलाई केवल सरकारी सञ्चारमाध्यममा मात्र सीमित गर्दा एकातिर मोफसलका सयौँ मिडियाहरू बन्द हुने अवस्थामा पुग्नेछन् भने अर्कोतिर नागरिकको सूचना पाउने हक सरकारी नियन्त्रणमा रहनेछ । सूचनाको पहुँचलाई केन्द्रीकृत गर्नु भनेको अन्ततः निरंकुशतालाई मलजल गर्नु हो, जुन संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थाको मर्म विपरीत छ । एउटा लोकतान्त्रिक सरकारका लागि स्वतन्त्र प्रेस ऐना जस्तै हुनुपर्छ, जसले समाजका विकृति र सरकारका कमजोरीलाई निडरतापूर्वक उजागर गरोस् ।

तर, विज्ञापनलाई 'नियन्त्रणको अस्त्र' बनाएर मिडियालाई आफ्नो अधिनमा राख्न खोज्नुले प्रेसको निष्पक्षतालाई धरापमा पार्नेछ । यदि स्थानीय मिडिया धराशयी भए भने नागरिक र सरकारबीचको सेतु टुट्नेछ, जसको प्रत्यक्ष असर सुशासन र पारदर्शितामा पर्ने निश्चित छ । अतः सरकारले प्रेसलाई कुण्ठित गर्ने आफ्ना अदूरदर्शी निर्णयहरू तत्काल फिर्ता लिनु बुद्धिमानी कदम हुनेछ ।

स्थानीय सञ्चारमाध्यमहरू दुर्गम र गाउँ-बस्तीका वास्तविक पहरेदार हुन् । सिंहदरबारको नजर नपुगेका कुना-कन्दराका कथा र व्यथालाई मूलधारको बहसको विषय बनाउने श्रेय यिनै सञ्चारमाध्यमलाई जान्छ ।

सरकारले विज्ञापन र ठेक्कापट्टाका सूचनामा हुने भनिएको 'कमिसनको खेल'लाई रोक्ने बहानामा जुन निर्णय लिएको छ, त्यो तर्कसंगत देखिँदैन । यदि विज्ञापन वितरणमा वित्तीय अनियमितता वा कमिसनको जालो व्याप्त छ भने त्यसलाई पारदर्शी बनाउने र दोषीलाई कारबाही गर्ने दायित्व राज्यको हो ।

स्थानीय सञ्चारमाध्यमहरू दुर्गम र गाउँ-बस्तीका वास्तविक पहरेदार हुन् । सिंहदरबारको नजर नपुगेका कुना-कन्दराका कथा र व्यथालाई मूलधारको बहसको विषय बनाउने श्रेय यिनै सञ्चारमाध्यमलाई जान्छ । स्थानीय मिडियाहरूले वस्तुगत स्थितिलाई नियालेर तथ्यगत रिपोर्टिङ गरेका हुन्छन् । दुर्गमको आवाजलाई केन्द्रसम्म पुर्‍याउने र नागरिकलाई आफ्नै माटोको भाषामा सुसूचित गर्ने यस्ता माध्यमहरूको आर्थिक मेरुदण्ड भनेकै लोककल्याणकारी विज्ञापन र सूचनाहरू हुन् । तर, पछिल्लो समय सरकारी विज्ञापनलाई केवल सरकारी सञ्चार माध्यममा मात्र सीमित गर्ने वा केन्द्रीकृत गर्ने सोचले मोफसलका मिडियाको अस्तित्वमाथि मात्र होइन, नागरिकको सुसूचित हुन पाउने संवैधानिक हकमाथि नै गम्भीर प्रश्न खडा गरिदिएको छ ।

विगतका सरकारहरूले विद्युतीय कारोबार ऐनको दफा ४७ र ४८ लाई हतियार बनाएर दर्जनौँ पत्रकारहरूलाई अनलाइनमा समाचार लेखेकै भरमा पक्राउ गर्ने र मानसिक तनाव दिने काम गरे, जुन अभिव्यक्ति स्वतन्त्रतामाथिको सीधा प्रहार थियो ।

नेपाली प्रेसमाथि भएका विगतका घटनाक्रमलाई हेर्ने हो भने सत्ता र शक्तिमा पुग्नेहरूले पटक-पटक अभिव्यक्ति स्वतन्त्रतालाई कुण्ठित गर्ने प्रयास गरेको देखिन्छ । चाहे त्यो २०६१ सालको 'शाही कू'का बेला रेडियो र पत्रपत्रिकाका सम्पादकीय कक्षमा सेना पठाएर समाचार सेन्सर गरिएको कठोर समय होस्, वा गणतन्त्र स्थापना पछि पनि विभिन्न बहानामा ल्याइएका प्रेस विरोधी कानुनहरू हुन्, नेपाली पत्रकारिताले सधैँ कलम, आवाज र कतिपय अवस्थामा सडकबाट समेत खबरदारी गरिरहनु परेको छ । विगतका सरकारहरूले विद्युतीय कारोबार ऐनको दफा ४७ र ४८ लाई हतियार बनाएर दर्जनौँ पत्रकारहरूलाई अनलाइनमा समाचार लेखेकै भरमा पक्राउ गर्ने र मानसिक तनाव दिने काम गरे, जुन अभिव्यक्ति स्वतन्त्रतामाथिको सीधा प्रहार थियो ।

त्यस्तै, मिडिया काउन्सिल र सूचना प्रविधि विधेयकका कतिपय प्रावधानमार्फत पत्रकारलाई भारी जरिवाना र जेल सजायको डर देखाएर 'सेल्फ सेन्सरसिप' तर्फ धकेल्ने प्रयत्नहरू पनि भए ।

आजको युगमा पत्रकारलाई जेल हाल्नु भन्दा आर्थिक रूपमा कमजोर बनाउनु प्रेस स्वतन्त्रता मार्ने आधुनिक तरिका बनेको छ । सरकारी विज्ञापनलाई केवल सरकारी सञ्चारमाध्यममा मात्र सीमित गर्दा एकातिर मोफसलका सयौँ मिडियाहरू बन्द हुने अवस्थामा पुगेका छन् भने अर्कोतिर नागरिकको सूचना पाउने हक पूर्णतः सरकारी नियन्त्रणमा कुण्ठित गरिएको छ । सूचनाको पहुँचलाई केन्द्रीकृत गर्नु भनेको अन्ततः निरंकुशतालाई मलजल गर्नु नै हो, जुन संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थाको मर्म विपरीत छ । स्थानीय पत्रिका र रेडियोहरू बन्द हुनु भनेको गाउँका नागरिकको आवाज मौन हुनु र स्थानीय सत्तामा भ्रष्टाचारको जरा थप गाडिनु हो । पछिल्लो समय सरकारी विज्ञापनलाई केवल सरकारी सञ्चार माध्यममा मात्र सीमित गर्ने वा केन्द्रीकृत गर्ने सोचले मोफसलका मिडियाको अस्तित्वमाथि मात्र होइन, नागरिकको सुसूचित हुन पाउने संवैधानिक हकमाथि नै गम्भीर प्रश्न खडा गरिदिएको छ । स्थानीय पत्रिका र रेडियोहरू बन्द हुनु भनेको गाउँका नागरिकको आवाज मौन हुनु र स्थानीय सत्तामा भ्रष्टाचारको जरा थप गाडिनु हो । भलै समाजका कतिपय शिक्षित भनिएका व्यक्तिहरूले समेत सामाजिक सञ्जालमा सरकारको यो कदम सकारात्मक भनेका छन् भने कतिपयले ठेकेदार पत्रकारहरूलाई ठीक पारेको भन्ने जस्ता कमेन्टहरू र स्टाटसहरू पनि आइरहेका छन् । यहाँहरूलाई हेक्का रहोस्, मिडिया बन्द हुँदा पत्रकारहरूले व्यवसाय बदल्न सक्छन् । विकल्पका जागिर अनेक हुन सक्छन्, तर आम नागरिकको सुसूचित हुने अधिकार निमोठिने स्थितिको चाहिँ विकल्प हुँदैन । यसो भनिरहँदा सरल जवाफ दिनेहरू पनि कम छैनन्, जो कि 'सामाजिक सञ्जाल छँदैछन् नि' । तर कुरा सामाजिक सञ्जाल र आधिकारिक र जबाफदेही सञ्चारमाध्यममा आकाश र जमिन जत्तिकै अन्तर छ भन्ने कुरा पनि हेक्का राख्न जरुरी छ । यदि मोफसलका मिडियाको आर्थिक मेरुदण्ड भाँचियो भने संघीयताको जग मानिने स्थानीय तहको सुशासन, पारदर्शिता र उत्तरदायित्व पनि सँगै ढल्ने निश्चित छ ।

भनिन्छ, लोकतन्त्रको सुन्दरता नै विचारको विविधता र सूचनाको बहुलतामा हुन्छ । राज्यले सञ्चारमाध्यमलाई 'नियन्त्रण' गर्ने होइन, 'नियमन' र 'प्रवर्द्धन' गर्ने नीति लिनुपर्छ । स्थानीय सञ्चारमाध्यमलाई उपलब्ध गराइने लोककल्याणकारी विज्ञापन कुनै दया वा दान होइन, बरु यो नागरिकलाई सुसूचित बनाउने राज्यको संवैधानिक दायित्व निर्वाह गर्ने एक अनिवार्य संयन्त्र हो । यदि मोफसलका मिडियाको आर्थिक मेरुदण्ड भाँचियो भने संघीयताको जग मानिने स्थानीय तहको सुशासन, पारदर्शिता र उत्तरदायित्व पनि सँगै ढल्ने निश्चित छ । त्यसैले, प्रेस स्वतन्त्रताको रक्षा र स्थानीय मिडियाको दिगोपनका लागि राज्यको दृष्टिकोण उदार र लोकतान्त्रिक हुनु अनिवार्य छ ।

नेपाली समाजको राजनीतिक चेतना, सामाजिक जागरण र व्यवस्था परिवर्तनको हरेक मोडमा सञ्चारमाध्यमले खेलेको भूमिका अद्वितीय छ । जतिबेला मुलुक जहानियाँ राणा शासनको अँध्यारोमा थियो, त्यतिबेला 'गोरखापत्र'को स्थापना र त्यसपछि विदेशबाट लुकिछिपी भित्राइएका पत्रिकाहरूले नेपालीको मनमा स्वतन्त्रताको बीउ रोपेका थिए । आज हामी जुन संघीय लोकतान्त्रिक गणतन्त्रको खुला आकाशमुनि छौँ, यसको जग निर्माणमा नेपाली पत्रकारिताले बगाएको पसिना र रगतको इतिहास साक्षी छ ।

पछिल्ला घटनाक्रमहरू जस्तै वि.सं. २०४६ सालको जनआन्दोलन । प्रेसले नै नागरिकलाई हक-अधिकारका लागि सडकमा ओराल्ने काम गर्‍यो । विशेषगरी २०५२ पछि सुरु भएको सशस्त्र द्वन्द्व र २०६१ को शाही शासनका बेला नेपाली पत्रकारहरूले राज्य र विद्रोही दुवै पक्षबाट पाएको शारीरिक र मानसिक प्रताडना इतिहासको सबैभन्दा कठिन अध्याय हो ।

समाज रूपान्तरणको सवालमा पत्रकारिताले केवल राजनीतिक परिवर्तन मात्र ल्याएन, यसले जरा गाडेर बसेका सामाजिक कुरीतिहरू, छाउपडी, दाइजो प्रथा, छुवाछूत र लैङ्गिक विभेद विरुद्ध पनि सशक्त पैरवी गर्दै आएको छ ।

यस बखतका धेरै घटनाहरू स्मरणीय छन् । कतिपय भिडियोहरू भूमिगत भएरै खबरदारी गर्नुपरेको इतिहास पनि जीवितै छ । बन्दुकको नालको अगाडि उभिएर सत्य ओकल्ने आँट देखाएकै कारण आज प्रेसलाई 'राज्यको चौथो अंग'को सम्मान प्राप्त छ । तर, यो सम्मान कुनै उपहारका रूपमा होइन, अनगिन्ती पत्रकारहरूको बलिदान र अनवरत संघर्षको बलमा आर्जन गरिएको हो ।

समाज रूपान्तरणको सवालमा पत्रकारिताले केवल राजनीतिक परिवर्तन मात्र ल्याएन, यसले जरा गाडेर बसेका सामाजिक कुरीतिहरू, छाउपडी, दाइजो प्रथा, छुवाछूत र लैङ्गिक विभेद विरुद्ध पनि सशक्त पैरवी गर्दै आएको छ ।

मोफसलका गाउँ-बस्तीमा स्थानीय रेडियो र पत्रपत्रिकाले स्थानीय भाषा र लवजमा नागरिकलाई सुसूचित नगरेको भए संघीयताको मर्म आजको जस्तो जीवन्त हुने थिएन । केन्द्रको आँखा नपुगेका ठाउँमा पत्रकारको कलम पुगेकै कारण कयौँ गरिब र निमुखाले न्याय पाएका छन् भने भ्रष्टाचारका ठूला काण्डहरू सार्वजनिक भई सुशासनको पक्षमा दबाब सिर्जना भएको छ ।

नेपाली समाजको राजनीतिक चेतना, सामाजिक जागरण र व्यवस्था परिवर्तनको हरेक मोडमा सञ्चारमाध्यमले खेलेको भूमिका अद्वितीय छ । यद्यपि, आजको समयमा पत्रकारिता सामु चुनौतीका नयाँ स्वरूपहरू देखा परेका छन् । शारीरिक हमलाका घटनामा केही कमी आए पनि 'आर्थिक घेराबन्दी' र 'नीतिगत नियन्त्रण' मार्फत प्रेसको घाँटी निमोठ्ने प्रयास जारी छ ।

सत्य के हो भने, जबसम्म पत्रकारिता आर्थिक र नैतिक रूपमा स्वतन्त्र हुँदैन, तबसम्म लोकतन्त्र बलियो हुन सक्दैन । सरकारले लोककल्याणकारी विज्ञापनमा गर्ने विभेद र प्रेसलाई संकुचित पार्ने गरी ल्याइने कानुनहरूले लोकतन्त्रको प्राणवायु मानिने अभिव्यक्ति स्वतन्त्रतालाई कमजोर बनाउँदै लगेका छन् । यसपटकको सरकारी कदम पनि त्यसैको निरन्तरता हो भन्न सकिन्छ । सत्य के हो भने, जबसम्म पत्रकारिता आर्थिक र नैतिक रूपमा स्वतन्त्र हुँदैन, तबसम्म लोकतन्त्र बलियो हुन सक्दैन । अतः इतिहासदेखि नै समाज रूपान्तरणको अग्रपंक्तिमा रहेको नेपाली पत्रकारितालाई संरक्षण गर्नु राज्यको मात्र होइन, नागरिक समाजको पनि दायित्व हो । पत्रकारले पनि आफ्नो संघर्षको गौरवपूर्ण विरासतलाई कायम राख्दै व्यवसायिकता र निष्पक्षताको कसीमा आफूलाई तिखार्नु आवश्यक छ ।

एउटा सचेत र सशक्त प्रेसले मात्र शासनलाई नागरिकप्रति उत्तरदायी बनाउन सक्छ र समृद्ध समाजको सपना साकार पार्न सक्छ । प्रेसमाथिको लगानी वास्तवमा लोकतन्त्रको स्थायित्वका लागि गरिने लगानी हो भन्ने सत्यलाई सत्ताले समयमै बुझ्न जरुरी छ ।

# सीमा विवादमा वालेन्द्र सरकारको अग्निपरीक्षा



✍ गेजा शर्मा वाग्ले

नेपालको उत्तर-पश्चिमी सीमाबिन्दु लिपुलेकलाई सीमापार व्यापार तथा कैलाश-मानसरोवर यात्रा नाकाका रूपमा प्रयोग गर्ने भएको बहुविवादित सहमतिप्रति असहमति जनाउँदै भारत र चीन दुवै देशलाई नेपालले कूटनीतिक नोट पठाएपछि गम्भीर कूटनीतिक तरंग सिर्जना भएको छ । गत अप्रिल ३० मा भारतीय विदेश मन्त्रालयद्वारा जारी विज्ञप्तिमा उक्त सहमति सार्वजनिक गरिएपछि गत आइतबार महाकाली नदी पूर्वका लिम्पियाधुरा, लिपुलेक र कालापानी नेपालको अभिन्न भूभाग भएको धारणासहित नेपालले कूटनीतिक नोट पठाएको थियो । तर, नेपालले नोट पठाएको २४ घण्टा पनि नबित्दै भारतले अर्को विज्ञप्ति प्रकाशित गरी कूटनीतिक शैलीमा चुनौती दिएपछि नेपाल-भारतबीच कूटनीतिक आरोप-प्रत्यारोपको शृंखला सुरु भएको छ । विगतमा जस्तै चीनले यसपटक पनि मौन कूटनीतिलाई निरन्तरता दिएको छ । प्रधानमन्त्री वालेन्द्र शाहको भारत भ्रमणको निम्तो लिएर विदेश सचिव विक्रम मिश्री काठमाडौं आउने पूर्वसन्ध्यामा भएको यस्तो आरोप-प्रत्यारोपको शृंखलाले नेपाल-भारत सम्बन्ध चिसिने प्रारम्भिक संकेत देखिएको छ । राष्ट्रिय स्वतन्त्र पार्टीले करिब दुईतिहाइ मत हासिल गरेपछि प्रधानमन्त्री नियुक्त हुनुपूर्व नै बधाई दिँदै शाहसँग सहकार्य गर्न उत्सुक भएको अर्थपूर्ण सन्देश भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले दिएका थिए । तर, नयाँ सरकारको विदेश नीतिबारे उत्सुकतापूर्वक चर्चा र बहस भइरहेको घडीमा विकसित यस्तो घटनाक्रमले प्रधानमन्त्री शाहको निकट भविष्यमा हुने भनी व्यापक चर्चा भइरहेको भारत भ्रमण छायामा पर्ने सम्भावना देखिएको छ ।

लिम्पियाधुरा, लिपुलेक र कालापानीको भूराजनीतिक, सामरिक तथा व्यापारिक महत्त्व भएको कारणले भारत र चीन दुवैले उक्त क्षेत्रलाई आफ्नो नियन्त्रणमा राख्न वा सामरिक प्रभाव विस्तार गर्न निरन्तर प्रयास गर्दै आइरहेका छन् । अस्थिर सरकार र कमजोर कूटनीतिको अनुचित लाभ उठाउँदै नेपालको सार्वभौमिकतामाथि समेत आँच आउने गरी भारत र चीन दुवैले आपसी भूराजनीतिक सौदाबाजी गर्दै आइरहेका छन् ।

भारत र चीनबीच भएको यस्तो बहुविवादित सहमतिले नेपालको भौगोलिक अखण्डता, सार्वभौमिकता, स्वाधीनता र राष्ट्रिय सुरक्षामा समेत गम्भीर आघात परेको छ । दुई ठूला र शक्तिशाली देशहरूले आफ्नो सामरिक तथा व्यापारिक स्वार्थ मिल्दा कसरी छिमेकीको सार्वभौमिकतामाथि समेत अतिक्रमण गर्ने रहेछन् भन्ने वास्तविकता यस प्रकरणबाट घामजस्तै छर्लङ्ग भएको छ ।

नयाँ हुन् कि पुराना, राजनीतिक पार्टीहरूले सत्तास्वार्थ, राजनीतिक अभीष्ट र सार्वजनिक खपतका लागि राष्ट्रवादको राजनीतिक व्यापार गर्दै आएका छन् । कसैले राजनीतिक मौसमअनुसार कालापानीदेखि नालापानीसम्म र लिम्पियाधुरादेखि लिपुलेकसम्मको राग अलाप्दै आएका छन् भने कसैले ग्रेटर नेपालको क्रान्तिकारी र्‍याप गीत गाएका छन् । तर, सीमा विवादजस्तो अत्यन्त जटिल र संवेदनशील समस्या समाधान गर्न गणितीय रूपमा शक्तिशाली शाह सरकारले कस्तो नीति, रणनीति तथा कूटनीति अनुसरण गर्छ भन्ने व्यापक चर्चा र छलफलको विषय भएको छ ।

**नेपाल–भारत सीमा विवादको उत्कर्ष**

भारत-चीनबीच यस्तो सहमति पहिलोपटक भएको होइन । सन् २०१५ मा भारतीय प्रधानमन्त्री मोदी चीन भ्रमणमा जाँदा भारत-चीनबीच लिपुलेकलाई व्यापारिक नाकाका रूपमा प्रयोग गर्ने सहमति गरेका थिए । तत्कालीन सुशील कोइराला नेतृत्वको सरकारले आपत्ति व्यक्त गर्दै दुवै देशलाई कूटनीतिक नोट पठाएको थियो ।

त्यसैगरी प्रधानमन्त्री कोइरालाले भारतीय प्रधानमन्त्री मोदीलाई टेलिफोन नै गरेर असहमति व्यक्त गरेका थिए । सोही कारण सम्बन्ध चिसिएपछि मिति तय भइसकेको कोइरालाको भारत भ्रमणसमेत रद्द भएको थियो । चीनले औपचारिकताका लागि भए पनि उक्त नोटको जवाफ दिए पनि भारतले हालसम्म दिएको छैन ।

१६ कात्तिक २०७६ मा भारतले लिम्पियाधुरा, लिपुलेक र कालापानीसहितको नेपाली भूभाग आफ्नो क्षेत्रमा गाभेर नयाँ नक्सा जारी गरेपछि विवाद उत्कर्षमा पुगेको थियो । नेपाली भूमि भारतमा गाभेर विवादित नक्सा जारी गरेपछि नेपालले आपत्ति प्रकट गर्दै कूटनीतिक नोट पठाएको थियो र उच्चस्तरीय कूटनीतिक संवादमार्फत समस्या समाधान गर्न भारतलाई आग्रह गरेको थियो । तर, उक्त नोटको पनि जवाफसमेत नदिएर भारतले गम्भीर कूटनीतिक उपेक्षा गरेको थियो ।

उच्चस्तरीय कूटनीतिक संवादमार्फत समस्या समाधान गर्ने प्रस्ताव र पहललाई समेत भारतले बेवास्ता गरेपछि नेपालले पनि ७ जेठ २०७७ मा लिम्पियाधुरा, लिपुलेक र कालापानीलाई समावेश गर्दै नयाँ नक्सा जारी गरेको थियो । त्यसपछि नेपाल-भारतबीच कूटनीतिक वाकयुद्ध तथा आरोप-प्रत्यारोप हुँदै आएको छ । नेपाली सीमा कसरी मिचियो र सीमा विवाद कसरी बल्झियो भन्ने प्रश्न उठ्नु स्वाभाविक हो । ऐतिहासिक तथ्य के हो भने जसलाई 'राष्ट्रवादी' र 'राष्ट्रियताको पहरेदार' भनी चित्रित गरिएको छ, तिनै राजा महेन्द्रले नै सन् १९६२ मा नेपाली भूमि कालापानीमा भारतलाई सैन्य ब्यारेक राख्न अनुमति दिएका थिए । उक्त वास्तविकताको खुलासा पञ्चायतकालीन कूटनीतिज्ञ भेषबहादुर थापाले आफ्नो पुस्तक 'राष्ट्र-परराष्ट्रः एकतन्त्रदेखि गणतन्त्रसम्म'मा गरेका छन् ।

१ पुस २०१७ मा लोकतान्त्रिक प्रणाली 'कू' गरी निरंकुश पञ्चायती व्यवस्था लादेका राजा महेन्द्रले आफ्नो निरंकुश र अधिनायकवादी सत्तालाई भारतको समर्थन हासिल गर्नका लागि नेपालको सार्वभौमिकता र भौगोलिक अखण्डतासँग सम्झौता गरेका थिए । अर्थात् राजा महेन्द्रले सार्वभौमिकतासँग निरङ्कुश राजतन्त्र साटेका थिए । त्यही कारणले नै भारतसँग नेपालको सीमा विवाद बल्झिएको हो ।

ऐतिहासिक दस्तावेज, नक्सा र प्रमाण के भन्छन् ?

४ मार्च १८१६ मा तत्कालीन इस्ट-इन्डिया कम्पनी र नेपालबीच भएको सुगौली सन्धि नै नेपाल-भारतको सीमा निर्धारण गर्ने आधिकारिक दस्तावेज हो । इस्ट-इन्डिया कम्पनीसँग युद्धमा पराजित भएपछि नेपालले ठूलो भू-भाग गुमाए पनि सन्धिमार्फत भौगोलिक सीमा स्वीकार गरेको हो । सुगौली सन्धि, नेपालको नक्सा, नेपाल र इस्ट-इन्डिया कम्पनीबीच आदान-प्रदान भएका दस्तावेज र अन्तर्राष्ट्रिय कानुनले लिम्पियाधुरा, लिपुलेक र कालापानी नेपाली भूमि भएको प्रमाणित भइसकेको छ । सन्धिको धारा ५ मा काली नदी सीमा नदी भएको उल्लेख गरिएको छ, जुन वास्तविकतालाई भारतले पनि स्वीकार गरेको छ ।

सन् १८१९ मा सर्भे अफ इन्डियाले जारी गरेको नक्सा, सन् १८२७ मा जारी भएको कुमाउ र गढवालसहितको नक्सा, सन् १८३० मा जारी पश्चिमी प्रदेशको नक्सा र सन् १८९४ मा जारी कुमाउ राज्यको अद्यावधिक नक्सामा पनि लिम्पियाधुरा नै काली नदीको मुहान भएको देखाइएको छ । काली नदीको उद्गमस्थलबारे सहमति भएपछि सीमा विवादको स्थायी समाधान हुनेछ । लिम्पियाधुरा नै काली नदीको उद्गमस्थल भएको वास्तविकताको पुष्टि भइसकेको छ ।

नेपालसँग भएका उक्त ऐतिहासिक अभिलेख, दस्तावेज, नक्सा, प्रमाण र तथ्यका आधारमा वार्ता र 'नेगोसिएसन' गरियो भयो भने वास्तविकता स्वीकार गर्न भारत पनि बाध्य हुनेछ । पर्याप्त अभिलेख, दस्तावेज, प्रमाण नभएका कारणले नेपालको दाबी कमजोर भएको तर्क वार्ताकार तथा सरकारी अधिकारीले गर्दै आएका छन् । तर, नेपालको नक्सा, सुगौली सन्धि, इस्ट-इन्डिया कम्पनीसँग भएका पत्राचार र दस्तावेज नै आधिकारिक प्रमाण होइनन् र ? नेपालसँग अभिलेख, दस्तावेज र प्रमाणको अभाव होइन, उच्च राजनीतिक र सरकारी तहमा संवादमार्फत समस्या समाधान गर्ने आत्मविश्वास र कूटनीतिक कौशलताको अभाव छ ।

# व्यवसायिक आलुखेतीले युवा कृषकमा उत्साह



❒ **काँक्रेविहार संवाददाता**
हुम्ला, २४ वैशाख

समुद्री सतहदेखि करिब चार हजार मिटर उचाइमा रहेको हुम्लाको उत्तरी नाम्खा गाउँपालिका छ स्थित हिमालपारिको गाउँ लिमीमा व्यावसायिक आलुखेती सुरु गरिएको छ।

वर्षौंदेखि बाँझो रहँदै आएको खेतीयोग्य जमिनमा स्थानीय युवाले कृषि अभियान थालेपछि गाउँमा नयाँ आशा जागेको छ। चार वर्षदेखि उपयोगविहीन बनेको लिमीको जाङ गाउँस्थित जमिनमा यस वर्ष तीन जना स्थानीय युवा मिलेर व्यावसायिक आलुखेती सुरु गरेका हुन्।

परम्परागत रूपमा थोरै मात्रामा खेती हुँदै आएको क्षेत्रमा अहिले योजनाबद्ध रूपमा आलु उत्पादन थालिएको स्थानीय युवा कृषक कुन्चोक लामाले जानकारी दिए। उनका अनुसार हाल चार रोपनी जमिनमा स्थानीय जातको आलु लगाइएको छ। खेतीका लागि करिब आठ क्विन्टल आलुको बीउ रोपिएको छ भने आगामी वर्षदेखि खेतीको क्षेत्रफल अझ विस्तार गर्ने तयारी गरिएको छ। हाम्रो गाउँको जमिन उर्वर छ, यहाँ उत्पादन हुने आलुको स्वाद पनि निकै राम्रो हुन्छ उनले भने यदि उत्पादन राम्रो भयो भने ताक्लाकोट हुँदै काठमाडौंसम्म लिमीको आलु पुऱ्याउने लक्ष्य छ। उच्च हिमाली क्षेत्रमा उत्पादन हुने आलु स्वादिष्ट, पोषणयुक्त र जैविक गुणले भरिपूर्ण हुने भएकाले यसको बजार सम्भावना पनि राम्रो रहेको कृषकहरूको विश्वास छ।

स्थानीय उत्पादनलाई व्यावसायिक रूपमा विस्तार गर्न सके हिमाली बस्तीका युवालाई गाउँमै रोजगारी सिर्जना हुने र पलायन रोक्न सहयोग पुग्ने अपेक्षा गरिएको छ। व्यावसायिक खेती सुरु भएपछि नाम्खा गाउँपालिकाको कृषि शाखाले पनि किसानलाई प्रोत्साहन गरेको छ। गाउँपालिकाले वडा नम्बर पाँच यारीबाट स्थानीय जातको आलुको बीउ खरिद गरी लिमीका किसानलाई उपलब्ध गराएको जनाएको छ।

यसले दुर्गम हिमाली क्षेत्रमा कृषि व्यवसाय विस्तार गर्न स्थानीय सरकारको चासो बढ्दै गएको देखिएको छ। कृषकहरूका अनुसार लिमी क्षेत्रमा खेत जोत्न अझै पनि झोपा (चौंरी र गाईको मिश्रित जात) प्रयोग गरिँदै आएको छ। कठिन भौगोलिक अवस्था र श्रम अभावका कारण खेती गर्न चुनौती रहे पनि अब आधुनिक कृषि प्रविधि अपनाउने तयारी गरिएको छ।

आगामी वर्षदेखि खेत जोत्न सानो कृषि मेसिन प्रयोग गर्ने योजना बनाइएको कुन्चोक लामाले बताए। स्थानीयवासीले हिमाली क्षेत्रमा परम्परागत खेतीलाई आधुनिक र व्यावसायिक बनाउने प्रयासले गाउँको आर्थिक अवस्था सुधार गर्न मद्दत पुग्ने विश्वास व्यक्त गरेका छन्।

लामो समयदेखि आयातित खाद्यान्नमा निर्भर बन्दै गएको लिमीमा आफ्नै उत्पादन बढाउन सके आत्मनिर्भर बन्ने आधार तयार हुने स्थानीयको भनाइ छ। दुर्गम हिमाली भूगोल, चिसो मौसम र सीमित स्रोत-साधनका बाबजुद युवाले सुरु गरेको यो पहलले हुम्लामा कृषि सम्भावनाको नयाँ उदाहरण प्रस्तुत गरेको छ।

स्थानीय सरकारको सहयोग, बजार पहुँच र आधुनिक प्रविधिको प्रयोग बढाउन सके हिमाली क्षेत्रका कृषकलाई व्यावसायिक खेतीतर्फ आकर्षित गर्न थप टेवा पुग्ने देखिएको छ।

# म्याद गुज्रिएका खाद्यवस्तु नष्ट



❒ **काँक्रेविहार संवाददाता**
जुम्ला, २४ वैशाख

जिल्लाको तातोपानी र तिला गाउँपालिकाका विभिन्न बजार क्षेत्रमा गरिएको बजार अनुगमनका क्रममा म्याद सकिएका तथा उपभोग गर्न अयोग्य खाद्यवस्तु बरामद गरी नष्ट गरिएको छ।

उपभोक्ताको स्वास्थ्य सुरक्षालाई ध्यानमा राख्दै उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय जुम्लाको नेतृत्वमा बुधबार तातोपानी दुई जर्मी तथा तिलाका सेरी, त्रिवेणी र कुडारी बजारमा अनुगमन गरिएको हो। अनुगमन टोलीले विभिन्न खुद्रा पसल, किराना, औषधि तथा कपडा पसलमा निरीक्षण गर्दा म्याद गुज्रिएका चाउचाउ, बिस्कुट, चोकोपाइ लगायतका खाद्य सामग्री बिक्रीका लागि राखिएको अवस्थामा फेला पारेको थियो।

सामग्री करिब २९ हजार रुपैयाँ बराबरका रहेको उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय जुम्लाका कार्यालय प्रमुख मन्दिरनाथ योगीले जानकारी दिए। बरामद गरिएका अखाद्य वस्तु तत्कालै नष्ट गरिएको उनले बताए। कार्यालय प्रमुख योगीका अनुसार बजारमा उपभोक्ताले गुणस्तरीय र सुरक्षित सामग्री उपभोग गर्न पाऊन् भन्ने उद्देश्यले नियमित रूपमा बजार अनुगमन गरिँदै आएको छ।

पछिल्लो समय ग्रामीण बजार क्षेत्रमा समेत म्याद नाघेका सामग्री बिक्री हुने गुनासो बढेपछि अनुगमनलाई थप प्रभावकारी बनाइएको उनको भनाइ छ। अनुगमन टोलीले व्यवसायीलाई न्यूनतम कानुनी मापदण्ड पूरा गर्न निर्देशन दिएको छ। पसल दर्ता, मूल्यसूची राख्ने व्यवस्था, खरिद-बिक्री बिलको प्रयोग तथा म्याद गुज्रिएका वस्तु बिक्री नगर्न विशेष आग्रह गरिएको थियो।

सहायक प्रमुख जिल्ला अधिकारी मीनबहादुर रावलले उपभोक्ताको स्वास्थ्यसँग प्रत्यक्ष सम्बन्ध राख्ने विषयमा कुनै पनि लापरवाही स्वीकार्य नहुने बताए। उनले म्याद सकिएका वस्तु बिक्री गर्नु कानुनविपरीत कार्य भएकाले पुनः त्यस्ता सामग्री पसलमा भेटिए कडा कारबाही गरिने चेतावनी दिए।

बजार व्यवस्थापन र उपभोक्ता अधिकार संरक्षणका लागि स्थानीय प्रशासन निरन्तर सक्रिय रहने उनको भनाई छ। त्यस्तै, तिला गाउँपालिका उपाध्यक्ष गोरिकला बुढाले सबै व्यवसायीलाई कानुनबमोजिम व्यवसाय दर्ता गरेर मात्र सञ्चालन गर्न आग्रह गरे।

उनले ग्रामीण क्षेत्रका उपभोक्ता अझै पनि सचेतनाको अभावमा गुणस्तरहीन तथा म्याद नाघेका सामग्री प्रयोग गर्न बाध्य हुने अवस्था रहेको उल्लेख गर्दै उपभोक्ताले पनि सामग्री खरिद गर्दा मिति, गुणस्तर र मूल्यबारे ध्यान दिनुपर्ने बताए।

अनुगमनका क्रममा केही व्यवसायीलाई आवश्यक कागजात व्यवस्थित गर्न मौखिक निर्देशन दिइएको थियो भने केहीलाई सचेत गराइएको जनाइएको छ स्थानीयवासीले बजार अनुगमनलाई निरन्तरता दिन माग गरेका छन्।

उनीहरूले ग्रामीण क्षेत्रमा अनुगमन कम हुने भएकाले कतिपय व्यवसायीले म्याद गुज्रिएका तथा गुणस्तरहीन सामग्री बिक्री गर्ने गरेको गुनासो गरेका छन्। उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालयले आगामी दिनमा पनि जिल्लाका विभिन्न स्थानीय तहमा नियमित अनुगमनलाई निरन्तरता दिइने जनाएको छ। उपभोक्ताको स्वास्थ्य र अधिकार संरक्षणका लागि प्रशासन, स्थानीय तह र सरोकारवाला निकायबीच समन्वय गरी प्रभावकारी अनुगमन अभियान सञ्चालन गरिने बताइएको छ।

# भन्सार कडाइपछि बजार चहलपहल बढ्यो

❒ **काँक्रेविहार संवाददाता**
कञ्चनपुर, २४ वैशाख

पछिल्लो समय स्थानीय बजारमा किनमेल गतिविधि बढेको छ। यसको मुख्य कारण भारततर्फबाट सामान ल्याउँदा गड्डाचौकी नाकामा भन्सार जाँच कडा पारिनु हो।

सीमा सुरक्षा निकायले एक सय रुपैयाँभन्दा बढी मूल्यका सामानमा भन्सार तिर्नुपर्ने नियम कडाइका साथ लागू गरेपछि नेपाली उपभोक्ताको भारतको वनबासा बजार जाने क्रम उल्लेख्य रूपमा घटेको छ। पहिले दैनिक उपभोग्य सामग्रीदेखि इलेक्ट्रिक सामानसम्म खरिद गर्न नेपालीहरू भारततर्फ जाने गरे पनि अहिले त्यो अवस्था घट्दै गएको छ।

यसको प्रत्यक्ष प्रभाव महेन्द्रनगर बजारमा देखिएको छ। स्थानीय व्यवसायीका अनुसार पहिले सस्तोका कारण भारतबाट सामान ल्याउने प्रवृत्ति बढे पनि अहिले भन्सार, ढुवानी र इन्धन खर्च जोड्दा मूल्य लगभग बराबर हुने भएकाले उपभोक्ताहरू नेपालकै बजारमा किनमेल गर्न थालेका छन्।



यता भारतको वनबासा बजार भने नेपाली ग्राहक घट्दा प्रभावित भएको छ। त्यहाँका व्यापारीहरूका अनुसार पंखा, फ्रिज, कुलर जस्ता सामान किन्ने नेपाली ग्राहक अहिले निकै कम आएका छन्, जसले व्यापारमा गिरावट ल्याएको छ।

सशस्त्र प्रहरीका अनुसार भन्सार कडाइपछि अवैध रूपमा सामान भित्र्याउने क्रम घटेको छ र राजस्व संकलन बढेको छ। कृषिजन्य मल जस्ता आवश्यक वस्तुमा भने सहजीकरण गरिएको बताइएको छ। केही व्यवसायी र स्थानीय संघसंस्थाले भने भारतमा काम गरेर फर्किने नेपालीहरूलाई अनावश्यक दुःख दिन नहुने भन्दै व्यवहारिक र सहज भन्सार व्यवस्थाको माग गरेका छन्।

समग्रमा, सीमामा कडाइपछि नेपालतर्फ व्यापार बढेको देखिए पनि सीमापार दुवै बजारमा यसको मिश्रित प्रभाव परेको छ।

# घरमै हुलाकमार्फत पासपोर्ट वितरण

❒ **काँक्रेविहार संवाददाता**
सल्यान, २४ वैशाख

राहदानी लिन जिल्ला प्रशासन कार्यालय धाउनुपर्ने बाध्यता हटेको छ। जिल्ला प्रशासन कार्यालय र जिल्ला हुलाक कार्यालयको सहकार्यमा सेवाग्राहीको घरमै राहदानी (पासपोर्ट) पुऱ्याउने सेवा सुरु गरिएको हो।

बुधबार जिल्ला प्रशासन कार्यालय सल्यानका प्रमुख जिल्ला अधिकारी महेन्द्रकुमार सापकोटा र जिल्ला हुलाक कार्यालय सल्यानका हुलाक अधिकृत चिन्तामणि रेग्मीबीच सम्झौतापत्रमा हस्ताक्षर भएसँगै सेवा औपचारिक रूपमा शुभारम्भ गरिएको छ।

नेपाल सरकारको शासकीय सुधार कार्यक्रम अन्तर्गत "जनताको घरदैलो सेवा" अवधारणालाई कार्यान्वयन गर्दै हुलाकमार्फत घरमै राहदानी उपलब्ध गराउने व्यवस्था गरिएको प्रमुख जिल्ला अधिकारी सापकोटाले जानकारी दिए।

उनका अनुसार राहदानी वितरण प्रक्रियालाई सहज, छिटो र सेवाग्राहीमैत्री बनाउन यो सेवा सुरु गरिएको हो। अब राहदानी तयार भएपछि जिल्ला प्रशासन कार्यालयले सेवाग्राहीको नाम, ठेगाना र सम्पर्क विवरणसहित सम्बन्धित राहदानी जिल्ला हुलाक कार्यालयमा पठाउनेछ।



त्यसपछि हुलाक कार्यालयले एक साताभित्र सेवाग्राहीको घरमै राहदानी पुऱ्याउने व्यवस्था मिलाइएको छ। जिल्ला हुलाक कार्यालय सल्यानका हुलाक अधिकृत चिन्तामणि रेग्मीले सेवा बुधबारदेखि नै लागू भएको जानकारी दिए। उनका अनुसार हुलाकमार्फत राहदानी लिन चाहने सेवाग्राहीले अतिरिक्त एउटा फाराम भर्नुपर्नेछ। घरमै राहदानी पुऱ्याउन भने हुलाक ऐनअनुसार ५५ रुपैयाँ सेवा शुल्क लाग्नेछ।

सेवालाई प्रभावकारी बनाउन हुलाक कार्यालयका एक कर्मचारी जिल्ला प्रशासन कार्यालयमै खटाइएको पनि उनले बताए। सरकारले सेवा प्रवाहलाई सरल, प्रभावकारी र नागरिकमैत्री बनाउने उद्देश्यले देशभर विभिन्न सुधार कार्यक्रम लागू गरिरहेको छ।

मन्त्रिपरिषद्को गत चैत १३ गतेको बैठकले स्वीकृत गरेको एक सय बुँदे शासकीय सुधार कार्यसूची अन्तर्गत सरकारी सेवा घरदैलोमै उपलब्ध गराउने योजना अघि बढाइएको हो।

स्थानीयवासीले यो सेवाबाट विशेषगरी दुर्गम क्षेत्रका नागरिक लाभान्वित हुने विश्वास व्यक्त गरेका छन्। यसले समय, खर्च र झन्झट कम गरी नागरिकलाई सहज रूपमा सरकारी सेवा उपलब्ध गराउन मद्दत पुग्ने अपेक्षा गरिएको छ।

# विद्यालय समायोजनपछि खाली भवनको उपयोगबारे चुनौती

❒ **काँक्रेविहार संवाददाता**
बाँके, २४ वैशाख

खजुरा गाउँपालिकाले २०७५ सालदेखि लागू गरेको विद्यालय समायोजन नीति अन्तर्गत हालसम्म तीन वटा विद्यालय समायोजन गरिसकेको छ। कम विद्यार्थी भएका विद्यालयलाई नजिकका अन्य विद्यालयमा गाभ्ने नीति कार्यान्वयन भइरहे पनि समायोजनपछि खाली भएका भवनहरूको उपयोगबारे चुनौती दे खिएको छ।

गाउँपालिकाको शिक्षा शाखा प्रमुख खगेन्द्र मल्लका अनुसार खजुरा-३ स्थित शान्ति प्राथमिक विद्यालय बाग्मती नगरलाई जनता माध्यमिक विद्यालय



सन्तकुटीमा समायोजन गरिएको हो। उक्त विद्यालयको जग्गामा हाल गाउँपालिकाको कार्यालय निर्माण गरिएको छ। नयाँ भवन नबन्दासम्म सो भवनमै शिक्षा शाखा सञ्चालन हुँदै आएको थियो।

त्यसैगरी खजुरा-२ स्थित पशुपति प्रावि 'ए' गाउँमा समायोजन गरिएको भानुदय प्राविको भवन लामो समयदेखि प्रयोगविहीन छ। शिक्षा शाखा प्रमुख मल्लका अनुसार एउटा कोठामा बाल विकास कक्षा सञ्चालन भए पनि अधिकांश भवन खाली अवस्थामा रहेको छ।

यसैबीच चालु शैक्षिक सत्रदेखि शिव प्रावि नयाँ गुराँसपुरलाई शुक्र माध्यमिक विद्यालयमा समायोजन गरिएको छ। दुई तले चार कोठे भवन रहेको उक्त विद्यालय पनि अब प्रयोगविहीन हुने अवस्था बनेको छ। गाउँपालिकाले कम विद्यार्थी भएका विद्यालयलाई नजिकका विद्यालयमा समायोजन गर्ने नीति अघि बढाए पनि खाली भएका भवनहरू उपयोगविहीन हुँदा सरकारी संरचना जीर्ण बन्दै गएको स्थानीयले बताएका छन्।

शिक्षक तथा स्थानीयवासीले विद्यालय समायोजनलाई सकारात्मक कदम भने पनि खाली भएका भवनको वैकल्पिक उपयोगका लागि स्थानीय तह, वडा कार्यालय र समुदायले पहल गर्नुपर्ने आवश्यकता औंल्याएका छन्।

उनीहरूका अनुसार यस्ता संरचनालाई सामुदायिक भवन, तालिम केन्द्र वा अन्य सार्वजनिक प्रयोजनमा प्रयोग गर्न सके स्रोतको सदुपयोग हुने देखिन्छ।

# निःशुल्क स्वास्थ्य शिविर हुँदै

❒ **काँक्रेविहार संवाददाता**
डोल्पा, २४ वैशाख

हिमाली जिल्ला डोल्पाको जगदुल्ला गाउँपालिकामा नेपाली सेनाले निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गर्ने भएको छ। दुर्गम क्षेत्रका स्थानीय नागरिकलाई विशेषज्ञ स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यले शिविर आयोजना गर्न लागिएको हो।

शे-फोक्सुण्डो राष्ट्रिय निकुञ्जको सुरक्षार्थ खटिएको नेपाली सेनाको श्री संग्राम शार्दूल गुल्मको आयोजना तथा विभिन्न निकायसँगको समन्वयमा जगदुल्ला गाउँपालिका पाँच माझगाउँमा "निःशुल्क स्वास्थ्य शिविर-२०८३" सञ्चालन गरिने गुल्मपति हरीश शाहीले जानकारी दिए।

उनका अनुसार शिविर आगामी जेठ दुई गते बिहान सात बजेदेखि अपराह्न पाँच बजेसम्म सञ्चालन हुनेछ। शिविरमा नेपाली सेना तथा जिल्ला अस्पताल दुनैका अनुभवी चिकित्सकहरूले स्वास्थ्य परीक्षण तथा उपचार सेवा प्रदान गर्नेछन्।

शिविरमार्फत उच्च रक्तचाप, ग्यास्ट्रिक, दम, स्त्रीरोग तथा आँखा सम्बन्धी समस्याको परीक्षण गरिनुका साथै बिरामीलाई निःशुल्क औषधि वितरण गरिने कार्यक्रम रहेको जनाइएको छ। गुल्मपति शाहीले दुर्गम हिमाली क्षेत्रका नागरिक सहज रूपमा स्वास्थ्य सेवाको पहुँचबाट वञ्चित हुने भएकाले गाउँमै विशेषज्ञ सेवा उपलब्ध गराउने उद्देश्यले शिविर सञ्चालन गर्न लागिएको बताए।

स्थानीयवासीले यस्ता स्वास्थ्य शिविरले उपचार सेवामा सहज पहुँच पुग्ने विश्वास व्यक्त गरेका छन्। विशेषगरी नियमित स्वास्थ्य सेवा पुग्न कठिन हुने हिमाली बस्तीका नागरिकका लागि शिविर प्रभावकारी हुने अपेक्षा गरिएको छ।

सूचना, समाचार तथा विज्ञापनको लागि
९८५१३४४७५४ मा सम्पर्क गर्नुहोला।

डिजिटल युगको विश्वसनीय आवाज
www.kankrebihar.com

सु.जि.प्र.का.द.नं. १३/२०५७/०५८
हु.नि.सु.द.नं. ०१/२०८२/०८३

# अतिक्रमण संरचना हटाउन सात दिने अल्टिमेटम




❒ काँक्रेविहार संवाददाता
सुर्खेत, २४ वैशाख

वीरेन्द्रनगर नगरपालिकाले सार्वजनिक तथा सरकारी जग्गा संरक्षणका लागि अतिक्रमण विरुद्ध कडा अभियान सुरु गरेको छ। नगरपालिकाले बुधबार सार्वजनिक सूचना जारी गर्दै नगर क्षेत्रभित्र सार्वजनिक जग्गा ओगटेर बनाइएका घरटहरा तथा अन्य भौतिक संरचना सात दिनभित्र हटाउन सम्बन्धित पक्षलाई अन्तिम चेतावनी दिएको हो।

नगरपालिकाका अनुसार विशेष गरी वडा नं. आठ मा रहेको महिला छात्रावासको पूर्वतर्फको सार्वजनिक जग्गामा बनेका संरचनालाई लक्षित गर्दै सूचना जारी गरिएको छ। उक्त क्षेत्रमा अतिक्रमण गरी निर्माण गरिएका टहरा, अस्थायी संरचना तथा नगर विकास समितिसँग सम्झौता गरी बनाइएका केही भौतिक संरचनासमेत हटाउन आग्रह गरिएको छ।

नगरपालिकाले सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको निर्देशन तथा चालु आर्थिक वर्ष २०८२/०८३ को स्वीकृत नीति, कार्यक्रम र बजेट अनुसार सो क्षेत्रमा आधुनिक खेलकुद मैदान निर्माण गर्ने योजना अघि बढाएको जनाएको छ। नगरपालिकाका अधिकारीका अनुसार सार्वजनिक प्रयोजनका लागि छुट्याइएको जग्गामा अव्यवस्थित बसोबास र निजी संरचना बढ्दै गएपछि विकास निर्माणका काम प्रभावित हुँदै आएका छन्।

नगरपालिकाले तोकेको समयसीमाभित्र स्वेच्छिक रूपमा संरचना नहटाए प्रचलित कानुनअनुसार कडा कारबाही गरिने स्पष्ट पारेको छ। सूचनामा उल्लेख भएअनुसार सात दिनभित्र अतिक्रमण हटाउन बेवास्ता गरे नगरपालिकाले आफ्नै पहलमा डोजर प्रयोग गरी संरचना हटाउनेछ।

साथै, संरचना हटाउँदा लाग्ने सम्पूर्ण खर्च सम्बन्धित संरचनाधनीबाटै असुल गरिने चेतावनी दिइएको छ। नगरपालिकाको यो कदमलाई सार्वजनिक सम्पत्तिको संरक्षण, व्यवस्थित सहरी विकास तथा सुशासन प्रवर्द्धनको प्रयासका रूपमा हेरिएको छ। वीरेन्द्रनगर तीव्र रूपमा विस्तार हुँदै गएको सहर भएकाले सार्वजनिक जग्गा संरक्षण चुनौतीपूर्ण बन्दै गएको स्थानीयवासी बताउँछन्।

नगरपालिकाले सार्वजनिक जग्गाको दुरुपयोग रोक्दै विकासका दीर्घकालीन योजना कार्यान्वयनमा ध्यान केन्द्रित गरेको जनाएको छ। प्रस्तावित खेलकुद मैदान निर्माणपछि स्थानीय युवालाई खेल गतिविधिमा प्रोत्साहन मिल्नुका साथै नगरको सौन्दर्यीकरणमा समेत टेवा पुग्ने अपेक्षा गरिएको छ।

स्थानीय तहले सार्वजनिक जग्गाको संरक्षणमा देखाएको सक्रियताले आगामी दिनमा अन्य अतिक्रमित क्षेत्रको व्यवस्थापनमा समेत प्रभाव पार्ने विश्वास गरिएको छ।

## पुल...

बजेट माग गरेको थियो।

तर केन्द्रबाट नयाँ बेलिब्रिज बनाउन पुल अलपत्र पार्ने ठेकेदारबाट असुल उपर नहुँदासम्म अर्को ठेक्का गर्न नपाउने निर्देशन भएको सडक डिभिजन साँफेबगरले जनाएको छ।

बेलिब्रिजको ठेक्काको पहल भइरहेको छ। यदि ठेक्का भएन भने खोलामा ड्राइभर्सन बनाएर पुलमा यातायात बन्द गर्ने योजना रहेको सूचना अधिकारी शाहले बताए। पक्की ट्रस ब्रिज पुल निर्माण कम्पनीको लापरबाहीका कारण जीर्ण बनेको छ। जोखिमपूर्ण ट्रस ब्रिजमा सवारी साधन सञ्चालन गर्न यातायात व्यवसायी बाध्य छन्।

२०६८ असारमा सडक डिभिजन कार्यालय साँफेबगर अछामसँग राजेन्द्र-थेगिम जेभीले २०७० साउन ३० भित्र पुल निर्माण सम्पन्न गर्ने सम्झौता गरेको थियो। ९ करोडको लागत रहेको पुल कम्पनीले ५ करोड ९६ लाख ११२ रुपैमा ठेक्का सम्झौता गरी कामको जिम्मा लिएको थियो।

२०७५ मा निर्माण कम्पनीले काम सम्पन्न गरेको जानकारी दिएपछि पक्की ट्रस ब्रिजको चेकजाँच गर्दा कमसल सामान र ट्रस ब्रिजमा लगाउनु पर्ने सामग्री स्टिमेट अनुसारको जडान नभएको सडक डिभिजन कार्यालय साँफेबगरले बताएको छ।

७ वर्षअघि मात्रै निर्माण सम्पन्न भएको ६० मिटर लम्बाइको पुलले ४५ टन लोड भार धान्नु पर्ने हुन्छ। पुलको लोड टेस्टका लागि सडक डिभिजन कार्यालय साँफेबगर अछाम र पुल महाशाखाबाट आएको इन्जिनियरको टोलीले ३० टन लोडसमेत धान्न नसकेर पुल लच्किएर चर्किएको जनाएको थियो। त्यसपछि पुल पास नभएको हो।


घर घरमा हुलाक, मन मनमा हुलाक

छिटोछरितो, सस्तो, भरपर्दो र विश्वसनीय द्रुत हवाई डाँकसेवा (Air Ems) प्रयोग गरी चिठीपत्र, कागजात र सामानहरू स्वदेश तथा विदेशमा आदान-प्रदान गरौं।

हुलाक निर्देशनालय, सुर्खेत

सम्पर्कः ०८३-५२०२३४/०८३५२०१७५


# आँखा शिविरमा ९७ जनाको शल्यक्रिया

❒ काँक्रेविहार संवाददाता
जाजरकोट, २४ वैशाख



छेडागाड नगरपालिकामा आयोजित निःशुल्क आँखा शिविरमार्फत ९७ जना मोतीबिन्दुका बिरामीको सफल शल्यक्रिया गरिएको छ।

नेपाल रेडक्रस सोसाइटी आँखा उपचार केन्द्र सुर्खेतको प्राविधिक सहयोग र छेडागाड नगरपालिकाको आर्थिक सहकार्यमा छेडागाड नगर अस्पतालमा दुई दिनसम्म शिविर सञ्चालन गरिएको थियो।

शिविरमा आँखा रोग विशेषज्ञ डा. सबीना सापकोटाको नेतृत्वमा स्वास्थ्यकर्मी टोलीले बिरामीहरूको परीक्षण तथा उपचार सेवा प्रदान गरेको थियो।

दुर्गम क्षेत्रमा दृष्टि गुमाएका नागरिकको सफल शल्यक्रिया गर्न पाउँदा आफू सन्तुष्ट भएको डा। सापकोटाले बताए। शल्यक्रियापछि दृष्टि फर्किएसँगै बिरामीहरूले खुसी व्यक्त गर्दै चिकित्सक टोलीप्रति आभार प्रकट गरेका थिए। छेडागाड नगरपालिकाका नगरप्रमुख रत्न खड्काले कठिन मौसमका बाबजुद प्रभावकारी सेवा प्रदान गरेको भन्दै स्वास्थ्यकर्मी टोलीको प्रशंसा गरे।

नेपाल रेडक्रस सोसाइटी जाजरकोट आँखा उपचार केन्द्रका नेत्र अधिकृत प्रदीपजङ्ग शाहका अनुसार शिविरमा करिब सात सय स्थानीयवासीले आँखा परीक्षण तथा उपचार सेवा लिएका छन्। शिविरको आयोजना तथा व्यवस्थापन नेपाल रेडक्रस सोसाइटी आँखा उपचार केन्द्र जाजरकोटले गरेको थियो।

## पूर्वतयारीदेखि...

समुदायहरूको आवश्यकता समेटिने गरी जेड्सी दृष्टिकोणलाई पनि समावेश गरिएको छ,' उनले उल्लेख गरिन्।

उनले सेवा निरन्तरता योजना (बीसीपी) को महत्व पनि जोड दिँदै भनिन्, 'विपद्का बेला स्वास्थ्य, खानेपानी, सरसफाइजस्ता अत्यावश्यक सेवाहरू अवरुद्ध नहोस् भन्ने सुनिश्चित गर्न बीसीपी अत्यन्त आवश्यक हुन्छ। यो योजनाले आपतकालीन अवस्थामा पनि सबै नागरिक, विशेषगरी महिला, अपाङ्गता भएका व्यक्ति र अन्य संवेदनशील समूहहरूलाई सेवा निरन्तर उपलब्ध गराउने आधार तयार गरिरहेको छ,' उनले भनिन्।

यसैगरी, नगर प्रमुख ढकालले अन्तर-स्थानीय तहबीचको सहकार्य ठूलो फाइदा पुऱ्याएको बताइन्। 'हामीले अन्य स्थानीय तहसँग अनुभव साटासाट गर्ने, स्रोतहरू साझेदारी गर्ने र सफल अभ्यास सिक्ने अवसर पाएका छौं,' उनले भनिन्, 'यसले एक्लै काम गर्दा हुने सीमितता हटाएर सामूहिक रूपमा विपद् व्यवस्थापनलाई प्रभावकारी बनाएको छ।'

उनले थपिन्, 'सुपर-२ परियोजनाले हाम्रो नगरपालिकालाई केवल राहतमुखी सोचबाट अघि बढाएर पूर्वतयारी, जोखिम न्यूनीकरण र दिगो व्यवस्थापनतर्फ लैजाने काम गरिरहेको छ।

यसले दीर्घकालीन रूपमा हाम्रो संस्थागत क्षमता बलियो बनाउँदै लैजाने विश्वास लिएका छौं,' उनले भनिन् ।

परियोजनाअन्तर्गत नगर तथा टोल स्तरमा कृत्रिम विपद् अभ्यास पनि सञ्चालन गरिएको छ। परियोजनाका प्रदेश संयोजक कृष्ण चापागाइँका अनुसार यी अभ्यासहरूले वास्तविक विपद्का बेला कसरी समन्वय गर्ने, उद्धार गर्ने र स्रोत परिचालन गर्ने भन्ने विषयमा व्यवहारिक ज्ञान प्रदान गरेको छ।

त्यसैगरी परियोजनाले लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण (जेड्सी) लाई केन्द्रमा राख्दै टेबल-टप अभ्यासहरू सञ्चालन गरेको छ। तालिमतर्फ २५ जना स्वयंसेवकलाई विपद् परिचालनसम्बन्धी तालिम दिइएको छ, जसमा १३ पुरुष र १२ महिला सहभागी भएका छन्। त्यसैगरी, स्थानीय आपतकालीन सञ्चालन केन्द्रलाई सूचना व्यवस्थापन तथा विपद् पोर्टल सञ्चालनसम्बन्धी तालिम दिइएको छ।

विद्यालयस्तरमा २८ विद्यालयका शिक्षक, प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिलाई विद्यालय सुरक्षा योजनाबारे अभिमुखीकरण गरिएको छ। यसले विद्यालयलाई सुरक्षित, समावेशी र विपद्-तयार सिकाइ केन्द्रका रूपमा विकास गर्न सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ।

सहकार्यले सहजता

वीरेन्द्रनगर नगरपालिकाका प्रमुख मोहनमाया ढकालले सुपर-२ परियोजनासँगको सहकार्यले नगरमा विपद् व्यवस्थापनलाई व्यवस्थित र प्रभावकारी बनाउन महत्वपूर्ण योगदान पुऱ्याएको बताइन्। 'हामीसँग पहिले योजना त थियो, तर त्यसलाई व्यवहारमा लागू गर्ने क्षमता कमजोर थियो,' उनले भनिन्, 'सुपर-२ परियोजनाले प्राविधिक सहयोग, तालिम र स्रोत उपलब्ध गराएर हाम्रो कामलाई धेरै सहज बनाएको छ। अहिले हामी विपद् आउँदा मात्र होइन, त्यसअघि नै तयारी गर्ने अवस्थामा पुगेका छौं।'

उनका अनुसार परियोजनाले स्थानीय तहलाई दीर्घकालीन रूपमा आत्मनिर्भर बनाउने गरी काम गरिरहेको छ। 'बाह्य सहयोग मात्रै मात्र निर्भर नभई, स्थानीय जनशक्ति तयार पार्ने र संस्थागत क्षमता सुदृढ गर्ने काम भएकाले यसको प्रभाव दीर्घकालीन रूपमा देखिनेछ,' ढकालले भनिन्।

वीरेन्द्रनगर नगरपालिका आपत्कालीन सञ्चालन केन्द्रका प्रमुख यामलाल गिरीले पनि परियोजनाले विपद् व्यवस्थापनमा सहजता ल्याएको बताए। 'पहिले विपद्को सूचना व्यवस्थापनदेखि समन्वयसम्म धेरै चुनौती थियो,' उनले भने, 'अहिले तालिम, उपकरण र स्पष्ट योजना भएपछि काम व्यवस्थित भएको छ,' उनले बताए।

प्रदेश संयोजक चापागाइँले परियोजनाको मुख्य उद्देश्य दीर्घकालीन क्षमता विकास रहेको बताए। 'हामी राहत वितरणभन्दा अघि पूर्वतयारी र जोखिम न्यूनीकरणमा जोड दिन्छौं,' उनले भने, 'नगरपालिकासँग सहकार्य गरेर नीति, योजना, तालिम र अभ्यासलाई एकीकृत रूपमा अगाडि बढाएका छौं, जसले गर्दा विपद्को असर न्यून गर्न सकिन्छ,' उनले थपे।

नगरपालिकाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना अनुसार भौगोलिक रूपमा महाभारत, चुरे र उपत्यका क्षेत्रको संगममा रहेको यो नगरमा इत्राम, खोर्के, नेवारेलगायत खोलाबाट वर्षायाममा अचानक बाढी आउने जोखिम उच्च रहेको छ। वडागत रूपमा हेर्दा वडा नं. १ बाढी र नदी कटानको उच्च जोखिममा छ भने वडा नं. २ डुबानको उच्च जोखिममा पर्छ। वडा नं. ३ र ४ मा शहर विस्तारसँगै कमजोर जलनिकासका कारण डुबान र पानी जम्ने समस्या देखिन्छ भने वडा नं. ५ मा पहिरो तथा भूक्षयको जोखिम रहेको छ। वडा नं. ६ र ७ मा खोलानाला आसपासका क्षेत्रमा बाढी र नदी कटानको खतरा देखिन्छ भने वडा नं. ८ र ९ मा मिश्रित जोखिम (डुबान, आगलागी र चट्याङ) रहेको छ। वडा नं. १०, ११ र १२ मा डुबान तथा आगलागीको जोखिम उच्च रहेको छ भने वडा नं. १३ र १४ मा ग्रामीण तथा वनक्षेत्र नजिक भएकाले आगलागी, चट्याङ र आंशिक पहिरोको जोखिम रहेको उक्त प्रतिवेदनमा उल्लेख छ।

यस्तो बहुविपद् जोखिमको सन्दर्भमा प्रभाव सबै समुदायमा समान नपर्ने भएकाले महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति तथा अन्य जोखिममा रहेका समूहहरू असमान रूपमा बढी प्रभावित हुने देखिन्छ, जसका कारण विपद् जोखिम न्यूनीकरण, पूर्वतयारी र प्रतिकार्यका सबै चरणहरूमा समावेशी र पहुँचयोग्य जेड्सी उत्तरदायी दृष्टिकोण आवश्यक हुन्छ। यसै सन्दर्भमा सुपर-२ परियोजनाले नीति, योजना, तालिम र समुदायस्तरका अभ्यासहरूमा जेड्सी सिद्धान्तलाई मुख्यधारमा राख्दै यी समूहहरूको अर्थपूर्ण सहभागिता, पहुँच र सुरक्षालाई सुनिश्चित गर्ने कार्यलाई सुदृढ बनाइरहेको छ।


